संस्कार एफ.एम. ८५.६ मेघाहर्ज २००० वाटको साथमा

संस्कार बहस

प्रत्येक साताको आइतबार, सोमवार, मंगलवार , बुधवार बिहान: ७:३० बजे

www.sanskarfm.com.np

Sanskar Khabar

# संस्कार खबर

National Daily राष्ट्रिय दैनिक

जि.प्रशा.का.द.नं.:६६/२०७२/०७३

जि.हु.का.द.नं.:११/२०७२/२०७३

संस्कार खबर राष्ट्रिय दैनिकमा विज्ञापन, लेख, रचना तथा प्रतिक्रियाका लागि

सम्पर्क

०५३-५५१८२८

०५३-५५१८७४

९८४५२१७४३८

९८४५१९४२३१

ई-मेल

sanskarkhabar@gmail.com

वर्ष ८ अंक २३६ २०८० जेष्ठ १३ गते शनिबार Saturday,27,May, 2023 मुल्य रु.५/-.पृष्ठ ४

## प्रचास प्रतिशत छुटमा प्रयोगशालामा जाँच हुन्छ -साह




सं.ख. संवाददाता
कलैया,१२,जेठ

बाराको आदर्श कोतवाल गाँउपालिका अध्यक्ष जवाहरप्रसाद साहले ५० प्रतिशत छुटमा प्रयोगशालामा जाँच गरिने बताएका छन्। आदर्श कोतवाल गाउँपालिका १ चिउटाहामा शुक्रबार जन स्वास्थ्य प्रयोगशालाको उद्घाटन पश्चात आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो बताएका हुन् ।

उनले जन स्वास्थ्य प्रयोगशाला स्थापना भएपछि पालिकाका जनताहरुलाई रगत, पिसाव, टाईडफाईड, चिनी, हेमोग्लोबिन, हेपेटाईसिस जस्ता जाँच गर्न बाहिर जानुपर्ने समस्या समाधान भएको बताए ।उनले जनतालाई जाँचका लागि बाहिर गएर चर्को मूल्य तिर्नु नपर्ने समेत बताए ।उनले प्रयोगशालामा आएर परीक्षण गराउन पालिका बासीसंग आग्रह गरे ।उनले सेवाग्राहीलाई प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारिलाई निर्देशन दिए ।उक्त कार्यक्रममा बोल्दै बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले आफ्नै ठाउँमा सहज रुपमा स्वास्थ्य सेवा पाउनु निकै नै उपलब्धी भएको बताए ।दक्ष जनशक्तिबाट सेवा प्रभावकारी रुपमा उपलब्ध भए गरिब, असहाय, बिपन्नलाई निकै नै राहत पुग्ने उनको भनाई रहेको थियो ।

प्र.जि.अ. सापकोटाले जनताको जीवधनको रक्षा सँगै जिल्लाको बिकास र समृद्धिका लागि आफू पूर्ण रुपमा कटिवद्ध रहेको प्रतिवद्धता ब्यक्त गरे । उनले समतामुलक समाजको निर्माणका लागि सबै जुटनु पर्नेमा जोड दिए । बाल विवाह, दाईजो प्रथा, आत्महत्या जस्ता अमानवीय कुरहरुलाई रोक्न सबै सजग हुनुपर्ने उनले बताए । उनले प्रशासनमा बिचौलिया निषेध गरिएको समेत बताएआदर्शकोतवाल गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख पारस यादवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा वडा नम्बर १ का वडा अध्यक्ष सुनिल कुसवाहा, वडा नम्बर ५ का वडा अध्यक्ष रुपेशनारायण सिह, वडा अध्यक्ष हरिनारायण कुशवाहा लगायतकाले मन्तव्य ब्यक्त गरेका थिए ।उक्त कार्यक्रमा सञ्चालन निमित्त प्रमुख प्रशासकीय अधिकृत सुनिल कुमार थापा एवम् स्वागत स्वास्थ्यकर्मी मुकेश साहको रहेको थियो । उक्त अवसरमा बारामा प्रमुख जिल्ला अधिकारी सापकोटा, सशस्त्र प्रहरी उपरीक्षक टोपबहादुर डाँगी, राष्ट्रिय अनुसंन्धान बाराका प्रमुख अभिनय कुमार सिंहलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

## पाँच दिन देखि सुवर्ण गाउँपालिकाको कामकाज ठप्प

सं.ख. संवाददाता
कलैया,१२,जेठ

कार्यालयमा तोडफोड तथा आगजनी भएका कारण पाँच दिन देखि बाराको सुवर्ण गाउँपालिकाको कामकाज ठप्प भएको छ। सामुदायिक विद्यालयको शिक्षकको सरुवा भएको बिषयलाई लिएर विद्यार्थीहरुले गत जेठ ८ गते सोमबार बिहान सुवर्ण गाउँपालिकाको कार्यालयमा तोडफोड तथा आगजनी गरेका कारण गाउँपालिकाको कामकाज ठप्प बनेको हो ।

गाउँपालिकाको कामकाज ठम्प हुदा सेवाग्राही मारमा परेका छन् । आवश्यक कामका लागि गाउँपालिकाको कार्यालयमा पुगेका सेवाग्राहीहरु निराश भएर फर्किने गरेका छन् । विद्यार्थीहरुले गाउँपालिकाको अध्यक्षको कार्यकक्ष, उपाध्यक्षको कार्यकक्ष, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष, आई.टी शाखा, योजना शाखा, वडा नम्बर २ को कार्यालयमा रहेको कम्प्युटर, सिसि टि.भी क्यामरा, फर्निचर, मोटरसाईकल ,जेसिबी, लगायतकोमा तोडफोड गरेका थिए। तोडफोड तथा आगजनी बाट गाउँपालिकाको डेढ करोड रुपैया भन्दा बढीको क्षति पुगेको गाउँपालिकाका अध्यक्ष राजेश प्रसाद यादवले बताएका छन् । कार्यालयमा बस्ने एउटा पनि कुर्सी नहुदा कर्मचारीहरु कार्यालयमा आएपनि काम गर्न नसकेको अध्यक्ष यादवले बताए ।विद्यार्थीहरुलाई उचालेर सुनियोजित तरिकाले गाउँपालिकाको कार्यालयमा तोडफोड तथा आगजनी गराईएको अध्यक्ष यादवको दाबी रहेको छ ।

गाउँपालिकाले गत जेठ ३ गते हर्दिया माविका प्रधानाध्यापक रामएकबाल प्रसाद, देवापुर बहुर्आका प्रधानाध्यापक चन्देश्वर प्रसाद यादव, नेराप्रावि मझरीका प्रअ धर्मेन्द्र प्रसाद यादव र कवही जगाद माविका प्रअ नथुनी प्रसाद यादवको सरुवा गरेको थियो । गाउँपालिकाले विद्यालयको शैक्षिक अवस्था सुधारका लागि शिक्षकहरुको सरुवा गरेको थियो ।

## लेखापढी सिम्रौनगढ अध्यक्षमा यादव


सं.ख. संवाददाता
कलैया,१२,जेठ

बाराको कलैयामा शुक्रबार सम्पन्न लेखापढी व्यवसायीहरुको एक भेलाले रामलाल प्रसाद यादवको अध्यक्षतामा नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएशन सिम्रौनगढ ईकाई समिति गठन गरेको छ।१३ सदस्यीय एशोसिएशन सिम्रौनगढको उपाध्यक्षमा नेमीलाल सहनी, सचिवमा अच्छेलाल पडित,सह सचिवमा देवलाल यादव, कोषाध्यक्षमा सजय साह कलवार , सह कोषाध्यक्षमा नागेश्वर कुशवाहा रहेका छन् । सदस्यमा राजकिशोर यादव, दरोगा यादव, धर्मेन्द्र प्रसाद यादव, तेजीलाल कुशवाहा, रामाकान्त कुशवाहा, श्रीनिवास यादव , राजु पटेल र हेका छन । उक्त अवसरमा नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएशनका मधेश प्रदेश सदस्य जितनारायण पटेल, एशोशिएशन बाराका अध्यक्ष बृजकिशोर यादव , सचिव दिनेश पटेल , पन्नालाल कुशवाहा, बिनोद कुशवाहा लगायतको उपस्थिति रहेको थियो ।

## कृषिजन्य सामाग्रीको वितरण गर्न शुरु

सं.ख. संवाददाता
कलैया,१२,जेठ

बाराको कलैया उपमहानगरपालिकाले उपमहानगर क्षेत्रका किसानहरुलाई ५० प्रतिशत अनुदानमा कृषिजन्य सामाग्रीको वितरण गर्न शुरु गरेको छ । उपमहानगरपालिकाले वडा नम्बर १ देखि वडा नम्बर २७ सम्मका किसानहरुलाई बिभिन्न प्रजातीको धानको बिउँ वितरण गरिरहेको कृषि शाखाका प्राविधिक सुरेश धमलाले बताएका छन् ।



तस्विर : जिउत प्रसाद यादव

किसानलाई हर्दिनाथ ,सावित्री ,सुवर्ण सवा-१,सवा मन्सुली उन्नत प्रति के.जी.३० रुपैयाँको दरले धानको बीउ वितरण गरिरहेको उनले बताए ।कृषि चुन,जैविक मल,तरकारीको बीउ तथा ८५% अनुदानमा घासको बीउ वितरण भइरहेको धमलाले बताए ।उक्त सेवा लिनका लागि सेवाग्राहीले आफू बसोबास गरिरहेको वडाको सिफारिस ,नागरिकताको प्रतिलिपी ,लालपुर्जाको प्रतिलिपीका साथ कृषि शाखामा सम्पर्क गरि सेवाको लाभ लिन प्राविधिक धमलाले आग्रह गरे ।

## मालपोत कार्यालय सिम्रौनगढले तीन पालिकामा सेवा प्रवाह गर्ने

सं.ख. संवाददाता
कलैया,१२,जेठ

मालपोत कार्यालय सिम्रौनगढले तीन पालिकाका सेवाग्राहीलाई सेवा प्रवाह गर्ने भएको छ। कार्यालयले बाराको सिम्रौनगढ नगरपालिकाको कचोर्वा ,भगवानपुर , उचिडिह,अमृतगञ्ज, गोलागञ्ज , हरिहरपुर, देवापुर , बिसुनपुरका जनतालाई सेवा प्रवाह गर्ने जनाईएको छ ।

यसैगरी पचरौता नगर पालिकाको पिपरपाती पचरौता,पकडिया, बेलदारी , बेनौली, कुडवा र आदर्शकोतवाल गाउँपालिकाको जयनगर चिउटामा, ईनर्वामाल, टेढाकट्टी, पटेर्वा , लक्ष्मीपुर कोतवालीका जनतालाई सेवा प्रवाह गरिने कार्यालयले जनाएको छ ।

उक्त तीन वटै पालिकाको कामकारवाही शुक्रबार देखि मालपोत कार्यालय सिम्रौनगढबाट हुने जानकारी दिईएको छ ।

Happiness is when what you think, what you say, and what you do are in harmony.
**Mahatma Gandhi**

प्रकाशक :शान्ति मिडिया प्रा.लि. कलैया-४
सम्पादक : राजेश महतो ९८४५२१७४३८
बजार ब्य. : भोलानाथ पौडेल ९८५५०४५७९५
बजार ब्य. : जिउत प्र. यादव ९८०११६९०२९
कम्प्युटर लेआउट : दिपलाल पटेल ९८४५९४६५५९
मुद्रक : बारा प्रिन्टिगं प्रेस कलैया, ०५३-५५०६२५
कार्यालय: शान्ति मिडिया प्रा.लि. ,कलैया-४
सम्पर्क नं. : ०५३-५५१८२८, ०५३-५५१८७
९८५५०३४६८८,९८४५१९४२३१,९८५५०४५३९
ईमेल: sanskarkhabar@gmail.com

## सम्पादकीय ...

# बहुमूल्य वस्तुको संरक्षण जरुरी

बाराको प्रसिद्ध एतिहासिक ,धार्मिक एवम् पर्यटकीय स्थल सिम्रौनगढ हो । यो नेपालको मध्यकालीन ईतिहाँसमा महत्वपूर्ण स्थान हो । बंगालको नबाबको सेनाले ध्वस्त नगरुन्जेल यो स्थान तिरहुत देशको राजधानीको रुपमा रहेको थियो । यहाँको राज्य नष्ट भएपछि यो एक पुरातात्विक स्थलको रुपमा रहेको हो । यहाँ रहेका पुराना मन्दिर तथा भग्नावेशषमा यहाँको पुरातन वैभव लुकेको छ । यहाँ धेरै कुराको उत्खनन् हुन बाँकी रहेको छ । उत्खनन् पश्चात मात्र यस्को मध्यकालीन वैभवको प्रकटिकरण हुन सक्छ । जिल्लाको पिछडिएको क्षेत्रको रुपमा यो रहेको छ । यस्को आधुनिक विकास आवश्यक छ । आधुनिकताका साथै यस्को ईतिहाँस तथा पुरातात्विक वस्तुको संरक्षण अत्यावश्यक रहेको छ । भविष्यको पुस्ताको लागि पनि यस्को संरक्षण र प्रकटीकरण आवश्यक रहेको छ । मधेश प्रदेशको एक मात्र ईतिहाँस र राज्य रहेको यो क्षेत्र हो । प्रदेशकै लागि यो गौरवको विषय हो ।

यहाँ स्थित कंकाली ईशरा पोखरीको डिलमा बहुमूल्य कालो पत्थरको काशिदाकारी प्लेट फेला परेको छ । कंकाली ईशरा पोखरीको पश्चिमी डिलमा अलपत्र अवस्थामा उक्त बहुमूल्य कालो पत्थरको प्लेट फेला परेको हो । सात बिगाहा क्षेत्रफलमा रहेको उक्त पोखरीको डिल ऐतिहाँसिक तिरहुतिया गढैया ईट्टा र पत्थरले बनाईएको थियो । गुठी संस्थान वीरगञ्जले उक्त पोखरीको डिल भत्काएर नयाँ माटोले पोखरीको डिल निर्माण गरेको थियो ।उक्त पोखरीको डिलमा रहेका ठुला ठुला ईटा जस्को साईज डेढ फिट चौडाई र दुई फिट लम्बाई र एक फिट मोटाईका ईट र सोही आकारमा पत्थरहरु सबै जमिन मुनी पुरिएका छन् ।संरक्षणको अभावमा उक्त पोखरीको डिलको गढैया ईट्टहरु स्थानीयबासीले खेतको आली, भकारीको गोडा र ढोकाको भऱ्याङ्ग बनाउनका लागि लगेका छन् । बिहीबार भेट्टिएको बहुमूल्य कालो पत्थरलाई सफा गर्दा त्यस्मा फूलको बुट्टा कोरिएको र बीचमा प्वाल रहेको छ ।यो कसैले बुझ्न सकेका छैनन्। उक्त बहुमूल्य पत्थरलाई कंकाली मन्दिर परिसरमा राखिएको छ ।

गुठी संस्थान वीरगञ्ज अर्न्तगत रहेको यो पोखरीको अवस्था दिन प्रतिदिन दयनीय बन्दै गएको छ । यस्को संरक्षण र सम्बर्द्धनको लागि तीनै तहको उत्सुकता आवश्यक रहेको छ । प्रयास आवश्यक रहेको छ । आफ्नो शहरको सार्वजनिक स्थान र महत्वपूर्ण क्षेत्रको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व हो ।कर्तव्य हो ।यसैगरी स्थानीय नागरिकले आफ्नो अतितको गौरव जोगाउन आफ्नो तर्फबाट प्रयास गर्न जरुरी छ । सचेतना अपनाउन जरुरी रहेको छ । यस्को साथै प्रदेश सरकारको समेत यस्को दायित्व हुन आउँछ । मधेश प्रदेश सरकारले यस्मा उचित ध्यान दिनुपर्छ । संघीय सरकार ले समेत यस्को संरक्षणको लागि भरपुर प्रयास गर्न आवश्यक छ । वर्तमानमा सरोकारवाला रहेको वीरगञ्ज गुठी संस्थानले समेत यस्मा ध्यान दिनुपर्छ । सबैको संयुक्त प्रयासले नै संरक्षण सम्बर्द्धन सफल हुने भएकोले सिम्रौनगढको बहुमूल्य वस्तुको संरक्षण जरुरी रहेको छ ।

# विचार: विपद्, विनाश र विकासबीचको अर्न्तसम्बन्ध

काठमाडौँ, १२ जेठ (रासस) :

विपद्ले विनाशमात्र गर्दैन, विकासका लागि नयाँ ढोका पनि खोल्छ । विश्वका विभिन्न भागमा अहिलेसम्म भएका अनेकौँ प्राकृतिक विपद्को इतिहास हेर्ने हो भने यो तथ्य प्रमाणित भएको पाइन्छ । चाहे नेपालको विसं १९९० को महाभूकम्प होस् वा सन् १९९५ मा जापानको कोबे भूकम्प वा सन् २००१ मा भारत गुजरातको भुजको विनाशकारी भूकम्प होस्, त्यो विपद्पछिको पुन:निर्माणले ती स्थानको काँचुली नै फेरिदिएको सर्वविदितै छ ।

विसं २०७२ वैशाख १२ गते नेपालमा आएको ठूलो भूकम्पले पनि विनाश र वियोगका साथसाथै नवनिर्माणको अवसर पनि जुटाइदिएको सबैले अनुभूति गरेका छन् । सामान्यतया विपद्का तीन चरण हुन्छन्-विपद्पूर्व (प्रि-डिजास्टर), विपद् भइरहेको अवस्था (ड्युरिङ् डिजास्टर) र विपद्पश्चात् (पोस्ट-डिजास्टर) । विपद्पूर्वको चरण मूलत:पूर्वतयारीको चरण हो । सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षतिलाई सकेसम्म न्यूनीकरण गर्नु गराउनु नै यो चरणको मुख्य लक्ष्य हो । हाम्रो देश विपद् पूर्वतयारीका लागि त्यति सबल नरहेको विसं २०७२ को भूकम्पमा प्रत्यक्ष अनुभव भयो । यो चरणमा बुद्धि र विवेक नपुऱ्याउँदा कति हृदयविदारक क्षति भोग्नुपर्छ भन्ने दृष्य चार महिनाअघिमात्र टर्कीको भूकम्पमा देखियो ।

विसं २०७२ को गोरखा भूकम्पमा झण्डै नौ हजार व्यक्तिले जीवन गुमाए भने २२ हजारभन्दा बढी घाइते भए । पूर्वतयारी सबल भइदिएको भए त्यो सङ्ख्या निकै घटाउन सकिन्थ्यो । दोस्रो चरण अर्थात् विपद् भइरहेको अवस्थाको दृष्टिले २०७२ को भूकम्पलाई लेखजोखा गर्दा केही मिश्रित स्थिति पाइन्छ । विशेषगरी सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीले त्यस अवस्थामा निर्वाह गरेका आफ्ना पेशागत कर्तव्यको जति प्रशंसा गरे पनि कमै हुन्छ । वैशाख १२ को मुख्य भूकम्प र त्यसपछिका साना ठूला परकम्पहरूको लगातार सन्त्राशका बीच भूकम्प प्रभावित स्थानहरूमा कार्यरत यी तीन पेशाकर्मीले गरेका कामको देश, विदेशमा चर्चा बटुलेको थियो ।

यो चरण वास्तवमा उद्धार र राहतमा केन्द्रित भएर काम गरिने चरण हो । त्यसका लागि सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीबीच चुस्त र प्रभावकारी समन्वय, समझदारी र सहकार्य अनिवार्य हुन्छ । तर हामी कहाँ त्यसमा कमीकमजोरी देखियो । फलस्वरुप कहीँ राहत सामग्रीको थुप्रो लागेको, कहीँ भने केही पनि नपुगेको गुनासो धेरै आयो ।

विदेशबाट आएका उद्धार टोलीहरूले आफ्नो साथमा ल्याएका अत्याधुनिक उपकरणहरूको प्रयोग गरे तर नेपालको उद्धार टोली भने त्यस्ता उपकरणको व्यवस्था नहुँदा साभेल, पिककै भरमा उद्धार कार्यमा जुटिरहेको बाध्यात्मक दृष्य पनि देखियो । विपद्को तेस्रो चरण अर्थात् विपद्पश्चात्को चरण मुख्यतया पुन:स्थापना र पुनर्निर्माणका कार्यमा केन्द्रित रहन्छ । गोरखा भूकम्पपछि भूकम्पपीडितको पुन:स्थापना र पुन:निर्माणका लागि धेरै महत्वपूर्ण काम भए । पुनर्निर्माणसम्बन्धी ऐन ल्याउन र पुन:निर्माण प्राधिकरण गठन गर्नमा केही विलम्ब भए पनि यसले काम सुरु गरेपछि लगातार छ वर्षमा धेरै महत्वपूर्ण कार्यसम्पन्न गरेको पाइन्छ ।

यद्यपि प्राधिकरणले आफ्नो अवधि पूरा गरिसकेपछि पनि अधुरा कार्य नेपाल सरकारको सम्बन्धित निकायमार्फत अझै जारी नै छ । पुन:निर्माणका मुख्य तीन क्षेत्र थिए-व्यक्तिगत आवास, सम्पदास्थल र सरकारी संरचना । भूकम्पको चपेटामा परी छ लाखभन्दा बढी घर पूर्णक्षतिग्रस्त भएका थिए भने करिब दुई लाख ८५ हजार घर आंशिक क्षति भएका थिए । पूर्णक्षतिग्रस्त घरलाई तोकिएको मापदण्डअनुसार पुन:निर्माण गराउन सरकारले घर धनीलाई रु तीन लाख अनुदान दिएको थियो भने आंशिक क्षति भएकालाई रु एक लाख । यो अनुदानले पुन:निर्माणको अभियान चलाउन धेरै ठूलो काम गऱ्यो । केही नीतिगत अन्योल रहे पनि निजी आवास पुन:निर्माणमा नेपालको प्रयास धेरै हदमा सफल रहेको भनी स्वदेश र विदेशमासमेत सराहना भएको पाइन्छ ।

यसको सबैभन्दा महत्वपूर्ण उपलब्धि भनेको पुन:निर्मित सबै घर भूकम्प सुरक्षा प्रविधि अपनाएर निर्माण गरिनु हो । गाउँ होस् वा सहर पुन:निर्मित घर पहिलाको दाँजोमा धेरै वैज्ञानिक र भूकम्पीय दृष्टिकोणले सुरक्षित बनेका छन् । देशभरमै भवन निर्माण संहिताको महत्व व्यवहारमै स्थापित गराउन सरकार सफल भएको छ । पुन:निर्मित घरका कोठा अलि साना भए भन्ने गुनासो सुनिन्छ । सुरुमै नीतिगत स्पष्टता भइदिएको भए सायद यो गुनासो आउँदैन थियो । आफ्नो नाममा जग्गाधनी पुर्जा नभएको कारण अनुदान पाउन नसकेका भूकम्पपीडितका गुनासो पनि सुनियो भने रु तीन लाख नगद पाउँदा पनि अशक्तता र परिवारमा सक्रिय उमेरको कोही पनि नभएको कारण घर बनाउन असमर्थ रहेका असहाय पीडित पनि भेटिए ।

यस्ता विशेष वर्गलाई विशेष व्यवस्था गरेर सुरक्षित आवास उपलब्ध गराउनु राज्यको दायित्व हो । गोरखा भूकम्पले सम्पदास्थलमा पनि धेरै क्षति पुऱ्याएको थियो । विश्वसम्पदा सूचीमा ससम्मान सूचीकृत सम्पदास्थल भूकम्पको चपेटामा परे । विशेषगरी काठमाडौँ उपत्यकाभित्रका सम्पदास्थलमा धेरै क्षति पुगेको थियो । हनुमानढोका क्षेत्र, स्वयम्भूनाथ क्षेत्र र टोखाका सम्पदामा पूर्ण क्षति भएका थिए भने पशुपतिनाथ क्षेत्रमा विश्वरुप मन्दिरमा पूर्णक्षति र अन्य स्थलमा आंशिक क्षति पुगेको थियो ।

यसैगरी त्रिपुरेश्वर, पचली, कीर्तिपुर, धर्मस्थली, इचङ्गु आदि स्थानका सम्पदामा केहीमा पूर्ण र धेरैजसोमा आंशिक क्षति पुगेको थियो । पूर्णक्षति भएका महत्वपूर्ण ऐतिहासिकस्थलमा धरहरा, रानीपोखरीको बालगोपाल मन्दिर र काष्ठमण्डप पुन:निर्माणमा धेरैको चासो भएकाले विशेष चर्चित रहे । ललितपुर र भक्तपुर का दरबार क्षेत्रका केही सम्पदामा भूकम्पले गम्भीर क्षति पुऱ्याएको थियो भने धेरै स्थल आंशिक क्षतिमा परेका थिए । उपत्यका बाहिर विशेषगरी सिन्धुपाल्चोक, दोलखा र गोरखाका केही सम्पदा स्थलमा पनि भूकम्पले क्षति पुऱ्याएको थियो ।

अत्यन्त सिमित साधन र स्रोत भए पनि स्थानीय जनसमुदाय, जनप्रतिनिधि संस्था, पुरातत्व विभाग, पुन:निर्माण प्राधिकरण र अन्तर्राष्ट्रिय दातृ समुदायको सक्रियतामा अधिकांश सम्पदास्थलको पुन:निर्माण कार्य पूरा भइसकेको छ भने केही जारी छ । ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा चासो राख्ने स्वदेश र विदेशका सबै व्यक्ति र संस्थाका लागि नेपालले प्राप्त गरेको यो सफलता उत्साहजनक हुन गएको छ । यसैगरी गोरखा भूकम्पले विद्यालय भवन, स्वास्थ्य उपचार संस्था, सरकारी कार्यालयमा पनि गम्भीर क्षति पुऱ्याएको थियो । भूकम्प प्रभावित विभिन्न जिल्लाका गरी पाँच सय ७५ सामुदायिक विद्यालय र दुई सय १५ निजी विद्यालय भवन पूर्णरूपमा क्षतिग्रस्त भएका थिए । केही कक्षाकोठा मात्र क्षति भएको सङ्ख्या २५ हजारभन्दा बढी छन् ।

साथै अन्य सरकारी कार्यालय भवनमा दुई हजार छ सय ५६ मा पूर्णक्षति पुगेको थियो भने तीन हजार छ सय २२ मा आंशिक क्षति पुगेको गृहमन्त्रालय, विपद् व्यवस्थापन महाशाखालाई उद्धृत गर्दै विभिन्न सञ्चारमाध्यम र भूकम्पपछि प्रकाशित भूकम्पसम्बन्धी पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

कतिपय विद्यालय भवन पुन:निर्माण भई पहिलाकोभन्दा सुविधा सम्पन्न र आकर्षक देखिएका छन् । गाउँ र सहरका यस्ता क्षतिग्रस्त विद्यालय भवन पुन:निमाण गर्नमा विभिन्न मित्र राष्ट्रहरूले देखाएको सदासयता साँच्ची नै सराहनायोग्य छ । ती विद्यालयका विद्यार्थीका लागि त भूकम्प वरदान नै सावित हुन पुगेको छ । तर ठेकेदारको लापर्वाहीले केही विद्यालय भवनको पुन:निर्माण अझै पूरा हुन सकेको छैन । यसैगरी स्वास्थ्य संस्था र अन्य सरकारी भवनको पुन:निमाण केही पूरा भइसकेको छ भने केही निर्माणाधीन अवस्थामा छन् । प्रत्येक विपद्ले हरेक व्यक्ति, परिवार, समुदाय र सरकारलाई केही न केही महत्वपूर्ण पाठ सिकाएर जान्छ ।

पाठ सिकाउनु एउटा कुरा हो, त्यो पाठलाई आत्मसात् गरी आफ्नो कार्यशैलीमा परिवर्तन ल्याउनु र विपद्सँग सामना गर्ने क्षमता अभिवृद्धि गर्नु अर्को कुरा हो । त्यसैले भूकम्पलगायत सबै किसिमका विपद्सँग सामना गर्ने क्षमता विकास गर्न गोरखा भूकम्पले सिकाएको पाठलाई सबै पक्षले आत्मसात् गरी कार्यक्षेत्रमा सक्रिय रहनु नेपालका सम्पूर्ण समुदायको सुरक्षित भविष्यका लागि अपरिहार्य छ । *(लेखक वरिष्ठ पत्रकार तथा विपद्सम्बन्धी विज्ञ हुनुहुन्छ)*

**गरिब तथा वातावरणीय कृषि विकास-दिगो विकासको आधार ।**
विश्रामपुर गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यलय
विश्रामपुर बारा ।

**दैवी प्रकोपबाट बचन सतर्कता अपनाऔ ।**
देवताल गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यलय
पिप्राही बारा ।

**वातावरण हामी सबैको साझा सम्पति हो ।**
फेटा गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यलय फेटा
बारा ।

**घरबाट निस्केको फोहर निश्चित स्थानमा विसर्जन गरौ ।**
बारागढी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यलय खोपवा
बारा ।

# ग्राहकहरुलाई एकमुष्ट रकम प्रदान




**सं.ख. संवाददाता**
**कलैया,१२,जेठ**

बाराको महागढीमाई नगरपालिका वडा नम्बर ३ गञ्जभवानीपुरमा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेडले शुक्रबार ग्राहक सुरक्षा बचत खाता अन्तर्गत पाँच वर्ष बचत अवधि पूरा गरेका ग्राहकहरुलाई एकमुष्ट रकम प्रदान गरेको छ।एकमुष्ट रकम पाउनेहरुमा मासिक दुई हजार बचत गरी र जनुम खातुनले एक लाख साठी हजार प्राप्त गरेकी छन् ।

प्रभा देवी र नजिया खातुनले मासिक एक हजार बचत गरी असी हजार प्राप्त गरेका छन् । त्यसैगरी मासिक पाँच सय बचत गरी कुसुम कुमारीले चालीस हजार प्राप्त गरेकी छन् ।ग्राहक सुरक्षा बचत खाता योजना एकदमै उपयोगी रहेकाले हाम्रा छर छिमेकीहरुका साथै अरुलाई पनि यो योजनको फाइदा लिनका सहभागी हुने कुरा सेवाग्राहीहरुले बताए ।उक्त अवसरमा संस्थाका अध्यक्ष कमाल हुसेन ,लेखा प्रमुख निशा कुमारी साह लगायत साथाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# सर्वपक्षीय भेलामा एकवर्षे कार्यकालको समिक्षा




**सं.ख. संवाददाता**
**कलैया,१२,जेठ**

बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १६का अध्यक्ष हरिदेव खरेलले आफ्नो एक बर्षे कार्यकालको समिक्षा गरेका छन् । वडा कार्यालयमा शुक्रबार सर्वपक्षीय भेलाको आयोजना गरी आफ्नो एक बर्षे कार्यकालको समिक्षा गरेका हुन्।उक्त अवसरमा वडाका जनता, पार्टी प्रतिनिधिहरु ,स्थानीय संघ संस्थाका प्रतिनिधिहरु सहभागिता रहेको थियो ।

२०७९ बैशाष ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा नेकपा एमालेका तर्फबाट भाग दिई विपक्षीलाई २ मतले पराजित गर्दै सोही बर्ष आजकै दिन कार्यभार सम्हालेका थिए । भेलामा खरेलले एकबर्षमा आफु र आफ्नो टिमले वडाको विकास र वडावासीको हितमा थुप्रै काम गरेको सुनाए । यस अवधिमा आफ्नो वडामा करिब ४ करोड २७ लाख रुपैंयाँका योजनाहरु संचालन गरिएको छ । यो पैसाले बालगंगा र पसाह नदि नियन्त्रण, विद्यालय भौतिक शंरचना निर्माण, टांगिया बस्तीमा खाने बोरिङ्ग निर्माण तथा पाईपिङ्ग लगायतका काममा खर्च भैरहेको छ, उनले सुनाए ।वडाले खानेपानि सुविधा पुगेका उपभोक्ताले खपत गर्ने २ हजार ५ सय लिटर सम्म पानीको महशुल तिरिदिँदै आएको छ । वडा भित्रका विद्यालयहरुका शैक्षिक सुधारका लागि निरन्तर निगरानी र समन्वय

. . . . **बाँकी पेज नं. ३ मा**


## आगलागी हुन नदिन चनाखो बनौं ।

**आगलागीबाट बच्न,**

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

**आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# कार्यपालिका सदस्यको निधन



**सं.ख. संवाददाता**
**कलैया,१२,जेठ**

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका सदस्य रामपती देवी थरुनीको शुक्रवार निधन भएको छ। पेटमा अचानक समस्या भएपछि उपचारका लागि अस्पताल लैजाने क्रममा करिब ५८ वर्षीया चौधरीको निधन भएको हो ।

जीतपुरसिमरा १४ स्थित रजघट्टाबाट अल्पाइन अस्पताल ल्याउने क्रममा बाटोमा उनको निधन भएको वडाध्यक्ष चयन मगर ले जानकारी दिईन् । अस्पताल ल्याएलगत्तै चिकित्सकले चौधरीलाई मृत घोषणा गरेका थिए ।

वडा क्षेत्रभित्र निर्माण हुन लागेको ढलान सडक शिलान्यास कार्यक्रममा सहभागी भएर फर्कने क्रममा उनि अस्वस्थ हुन पुगेकी थिईन्। अचानक पेट पोल्न थालेपछि चौधरीले स्थानीय एक महिलाको घरमा पानी मागेर पिएको र आफूलाई अस्पताल लगिदिन आग्रह गरेको वडाध्यक्ष गुरुङले जानकारी दिईन् । चौधरीको आग्रहपछि स्थानीयले उनलाई नजिकैको क्लिनिकमा लगेका थिए । उक्त क्लिनिकबाट तत्कालै सिमरास्थित अस्पताल ल्याउने क्रममा चौधरीको निधन भएको वडाध्यक्ष गुरुङले बताईन् । केही दिनदेखि पेट दुखेको बताउदै आएकी चौधरीको निधनको कारण खुल्न सकेको छैन् । चिकित्सकले एपेन्डिक्सका कारण निधन भएको हुनसक्ने आशंका गरेका छन् ।

चौधरी जीतपुर सिमरा १४ बाट निर्वाचित वडासदस्य हुन् ।

२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचमा उनि नेकपा एमालेबाट वडासदस्यमा निर्वाचित भएकी थिईन्। वडासदस्य चौधरीलाई एमालेले कार्यपालिका सदस्य बनाएको थियो । चौधरीको श्रीमान्, दुई छोरा र एक छोरी छन् ।

जीतपुरसिमराका नगर प्रमुख राजन पौडेलसहित जनप्रतिनिधिले चौधरीको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

# माल बाहक बिल बिजक भन्दा बढी औषधी, हार्डवेयर तथा खुद्रा सर सामान बरामद

**सं.ख. संवाददाता**
**कलैया,१२,जेठ**

प्रहरीले पर्साको बीरगञ्ज महानगरपालिका १६ नगवा स्थित सडक खण्डमा एक बाहक बिल बिजक भन्दा बढी औषधी, हार्डवेयर तथा खुद्रा सर सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्सा बाट खटिएको प्रहरी टोलीले वीरगञ्जबाट सर्लाहीतर्फ गईरहेको ना.७ ख ७६७६नम्बरको मालवाहक ट्रक बाट उक्त माल सामान बरामद गरेको हो। बिल विजक भन्दा बढी औषधी, हार्डवेयर तथा खुद्रा सामानहरू बोकेको ट्रक वीरगञ्जबाट सर्लाहीतर्फ गईरहेको छ भन्ने सूचनाको आधारमाप्रहरीले मालवाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा सर्लाही ढुवानी ट्रान्सपोर्टबाट पठाईएको ट्रकमा विल बिजक शंकास्पद देखिएको जनाएको छ।उक्त ट्रक बाट हेर्दारू.अ.मु.रू३२,३७,७३९।-(बत्तीस लाख सड्तीस हजार सात सय उनचालीस) बराबरको हार्डवेयर, स्टेशनरी खुद्रा तथा लत्ताकपडालगायतका सामानहरू बरामद गरिएको छ ।

उक्त माल बाहक ट्रक तथा बरामद भएको माल सामानलाई थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरीले जनाएको छ ।

# अन लाईन मार्फत आइपिएलको सट्टाबाजी खेलाउने एक भारतीय सहित चार जना पक्राउ



**सं.ख. संवाददाता**
**कलैया,१२,जेठ**

पर्सा प्रहरीले भारतमा जारी इन्डियन प्रिमियर लिग (आइपीएल) क्रिकेट प्रतियोगितामा अनलाईर्न माफृत सट्टाबाजी (जुवा) खेलाउने एक भारतीय सहित चार जनालाई बीरगञ्ज बाट बुधबार राति पक्राउ गरेको छ। पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ का ३४ वर्षीय धुरेन्द्रप्रसाद यादव, बाराको कलैया उपमहानगरपालिका वडा नम्बर ४ का ३१ वर्षीय सरोज साह, सर्लाहीको रामनगर गाउँपालिका वडा नम्बर ६ का ३५ वर्षीय सन्तोषकुमार यादव र भारतको उत्तर प्रदेश राज्यको गोरखपुर देवरियाका ५२ वर्षीय मुन्ना भनिने धर्मनाथ प्रसाद जयसवाल रहेको जिल्ला प्रहरी कायाृलय पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिएका छन ।गोप्य सूचनाको आधारमा वीरगन्ज महानगरपालिका वडा नम्बर १५ स्थित सञ्जय श्रीवास्तवको घरमा बुधबारराति आइपिएल प्रतियोगिताको अनलाइन सट्टाबाजी खेलाइरहेकै अवस्थामा उनिहरुलाई पक्राउ गरिएको उनले बताए ।

प्रहरीले उनीहरुको साथबाट नगद ३ लाख ९० हजार ५०० सय नेपाली रुपैयाँ र १५ हजार ७५० भारतीय रुपैयाँ पनि बरामद गरेको छ ।यस्तै अनलाइन सट्टाबाजीका लागि प्रयोग भइरहेको विभिन्न कम्पनिको मोबाईल, ल्यापटप र टेलीभिजन सेट बरामद गरेको छ ।पक्राउ परेकाहरुमाथि अनलाइन सट्टाबाजीको मुद्दा दर्ता गरिएको पर्सा प्रहरीले जनाएको छ । उनीहरु माथि अनुसन्धान गर्नका लागि पर्सा जिल्ला अदालतबाट म्याद थप गराईएको प्रहरीले जनाएको छ ।